# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बसुप)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:-२०८१/०८२
च.नं.

### सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः ०८१।१०।२४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९, बर्दघाट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम नगरकार्यपालिका वैठकको निर्णय अनुसार सार्वजनिक पोखरीहरुको मिति ०८१ चैत्र १५ गतेदेखि ०८३ चैत्र १५ गते सम्म सम्म २ वर्षका लागि ठेक्का बन्दोवस्त गर्न स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा इच्छुक व्यक्तिले नागरिकताको प्रतिलिपी सहित, संस्थाको हकमा संस्था दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपी, आ.व.०८०/०८१ को आय कर चुक्ताको प्रमाण संलग्न राखी तथा कम्पनी वा फर्मको हकमा इजाजत पत्र, आय कर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.०८०/०८१ आय कर चुक्ताको प्रमाण संलग्न राखी कार्यालयले तयार गरेको फाराममा शीलवन्दी दरभाउपत्र भरी पेश गर्नु हुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

### तपसिल

| आय ठेक्का नं | आय ठेक्काको नाम | न्यूनतम अंक रु. (भ्याट सहित) | ठेक्का अवधि | वेलपत्र दस्तुर | धरौटी रकम रु | कै |
|---|---|---|---|---|---|---|
| १/०८१/०८२ | माकर दक्षिण पोखरी, बर्दघाट-१ माकर गाँउ | ३,००,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| २/०८१/०८२ | शिव मंदिर पोखरी बर्दघाट-६ वेतहानी | २,५०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| ३/०८१/०८२ | सूर्यपुरा पोखरी बर्दघाट-८ सूर्यपुरा | १,४०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| ४/०८१/०८२ | भग्जोगनी पोखरी (पुरानो गाँउ) बर्दघाट-११ | १,५०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| ५/०८१/०८२ | गैडाहा पोखरी बर्दघाट-११ गैडाहा | ५०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| ६/०८१/०८२ | जहदा- डोमहिया पोखरी बर्दघाट-१२ जहदा | १,००,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| ७/०८१/०८२ | जहदा पूर्वको पोखरी बर्दघाट-१२ | ५०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| ८/०८१/०८२ | सपहिया पोखरी बर्दघाट-१२ | १,५०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |

प्रमुख प्रशासकीय अधिकृ

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बसुप)
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८१/०८२
च.नं.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९/०८१/०८२ | पनई पोखरी बर्दघाट-१३ | २,००,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| १०/०८१/०८२ | कमल पोखरी (पोखरी टोल) बर्दघाट-१३ | ८०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| ११/०८१/०८२ | धनेवा पोखरी विसल्ला बर्दघाट-१३ | ५०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| १२/०८१/०८२ | मझौनी गाँउ (ठुलो पोखरी) बर्दघाट-१३ | १,००,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| १३/०८१/०८२ | मझौनी गाँउ (सानो पोखरी) बर्दघाट-१३ | ५०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| १४/०८१/०८२ | बरदहवा पोखरी (कृषि सेवा केन्द्र अगाडी) बर्दघाट-१३ | १,००,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| १५/०८१/०८२ | बनहिया पोखरी बर्दघाट-१३ | ५०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| १६/०८१/०८२ | रामजानकी मन्दिर बाटो पश्चिम पोखरी बर्दघाट-१३ | ३०,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |
| १७/०८१/०८२ | नाग पोखरी बर्दघाट-१४ | १,००,०००।०० | ०८१ चैत्र १५ देखि ०८३ चैत्र १५ सम्म | १००० | | |

### ठेक्का सम्बन्धी शर्तहरु

(१) कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम रु ३००० राजश्व तिरी खरिद गर्ने तथा तोकिएको दस्तुर रु ३००० रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको राजश्व खाता ०८३२०५००२८२११००२ खातामा जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ। खरीद भएका बोलपत्रको पानामा सही छाप, व्यक्ति, संस्था तथा फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कवोल अँक इत्यादी विवरण भरी मिति ०८१/११/२५ गते कार्यालय समय सम्म पेश गर्न सकिने छ ।

(२) पेश भएका टेण्डरहरु मिति ०८१/११/२६ गते दिनको १:०० वजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ। सो सयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन।

(३) टेण्डर फारम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ।

(४) बोलपत्रमा कवुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

प्रमुख प्रशासकीय अधिकृत

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बसुप)
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८१/०८२

च.नं.

(५) धरौटी वापत न्युनतम कवोल अंकको (VAT समेतको) ५% ले हुने तोकिएबमोजिमको रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको .हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको भौचर समेत वोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ । कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन ।

(६) ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकम बाट घटाउन पाइनेछैन ।

(७) टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र मूल्य अभिवृद्धि कर (VAT बापतको रकम वर्दघाट नगरपालिकाको नामबाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ वा सो वापतको रकम नगरपालिकामा पेश गर्नुपर्नेछ । स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा फर्मले मान्यता प्राप्त क वर्गको बाणीज्य बैंकको तोकिएको अवधि सम्मको वैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । व्यक्ति तथा संस्थाको हकमा ०८२ को चैत्र १५ सम्म सबै रकम भूक्तानी नगरेमा ठेक्का स्थगन र फर्मको हकमा वैंक जमानतबाट असुल उपर गरिनेछ

(८) कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

(९) ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

(१०) यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

(११ प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(१२) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन ।

(१३) बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालयको वेव साइट www.bardaghatmun.gov.np/ मा तथा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०७८-५८०४०७ मा सम्पर्क गर्न सकिने छ ।

२०८१/०८/२४

प्रकाश खनाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत